Journal of Buddhist Studies (T.U)
Print ISSN: 3021–9973
Vol. 1, No. 1: 121-132, 2024
eJournal Site: https://cdbs.tu.edu.np/eJournal

Central Department of Buddhist Studies
Tribhuvan University
Kirtipur, Kathmandu, Nepal

# कपिलवस्तु पहिचानका केही ऐतिहासिक आधारहरू

**गौतमवीर वज्राचार्य, पिएच.डी.**

***Article History***: *Submitted 22 June 2023; Reviewed 26 September 2023; Accepted 20 February 2024*

***Corresponding Author***: *drgautambir@gmail.com, Copyright 2024© Author/s and the Publisher*

## लेखसार

*ई.पू. सातौँ/आठौँ शताब्दीको कालखण्डमा साकेत (अयोध्या) बाट विस्थापित भएका इक्ष्याकु वंशका राजकुमारहरूले शाक्य नामको नौलो जातीय अस्तित्व कपिलवस्तुमा स्थापित गरे । तिनै शाक्यहरूले गौतम ऋषि कपिलमुनिको आश्रम क्षेत्रलाई विकास र विस्तार गर्दै कपिलवस्तु शाक्यगणराज्यका रूपमा छुट्टै पहिचान दिलाउन सफल भए । गौतम ऋषि कपिलमुनिलाई गुरुको रूपमा स्वीकार गर्दै शाक्य जातिले आफूहरूलाई गुरुको नामबाट गौतम गोत्र भनी पहिचान दिलाए । यसै गोत्रका राजा सिंहहनुका पाँच छोराहरूमध्येका राजा शुद्धोदनका छोराका रूपमा सिद्धार्थ गौतमको जन्म भएको हो । उनी राज्य छाडेर प्रब्रजित भई सम्यक सम्मबुद्ध भएका हुन् । बुद्धबाट श्रावस्तीको जेतवनस्थित करेरीकुटीमा रहेका भिक्षु संघलाई आफ्नो पूर्व जन्मसम्बन्धी व्याख्या गर्ने सिलसिलामा आफू गौतम गोत्रका हूँ भनेर परिचय गराएको कुरा विभिन्न बौद्ध साहित्यहरूमा उल्लेख छ । सम्राट अशोकले कपिलवस्तुमा अवस्थित कोणागमन बुद्धको निग्लिहवा र ऋकुछन्द बुद्धको गोटिहवामा पुगी उनीहरूको बारेमा लोकले जानून् र बुझून् भनी सोही स्थानमा स्तम्भ र स्तूपा निर्माण गर्न लगाएका थिए । पछिका दिनहरूमा शुङ्ग, कुशान, गुप्त, पालसेनकालका महत्त्वपूर्ण कलाकृतिका सामाग्री त्यहाँ उपलब्ध हुनुले समकालीन व्यक्तित्वहरूको कपिलवस्तुमा उपस्थित रहेको पुष्टि हुन्छ । दोस्रो शताब्दीपछिका चिनिया यात्री फाहियान र ह्वेन्साङ्ले कपिलवस्तुको वस्तुगत पहिचान पुष्टि गर्ने कार्यमा विशेष महत्त्वपूर्ण भूमिका खेलिदिएका थिए । अठारौँ शताब्दीपछिका दिनहरूमा बुद्ध धर्म र दर्शनको चर्चा विश्वमाझ हुन थाल्यो, यसै सिलसिलामा पश्चिमा मुलुकका पुरातात्त्विक अन्वेषकहरू सर्वप्रथम कपिलवस्तु र लुम्बिनीको पहिचान गर्न उत्साहित भए । यसै सिलसिलामा ए.फुहररलाई स्थानीय थारु समुदायहरूले घना जङ्गलभित्र निग्लिहवा स्तम्भ देखाइदिए । भारत सरकारका पुरातत्त्व सर्वेक्षक बाबु पूर्णचन्द्र मुखर्जीले सन् १८९९ मा तिलौराकोटको दरबार, लुम्बिनी क्षेत्र र भारतमा रहेको पिपरहवा क्षेत्रको अन्वेषण गरेर तिलौराकोट दरबार नै वास्तविक कपिलवस्तु हो भनी प्रमाणित गरिदिए ।*

**शब्दकुञ्जी :** कपिलवस्तु, लुम्बिनी, तिलौराकोट, शाक्यमुनी, इक्ष्वाकु वंश ।

## उद्‌भव

कपिलवस्तुको उद्‌भव सम्बन्धमा ई.पू. आठौँ शताब्दीअघि सालको वृक्षसहितको घना जङ्गलबिच कपिलमुनिको आश्रम रहेको बौद्ध साहित्यहरूमा उल्लेख भएका छन् । तिलौराकोट दरवार क्षेत्रमा गरिएको पछिल्लो पुरातात्त्विक उत्खननले ई.पू. सातौँ/आठौँ शताब्दीअघिका पुरातात्त्विक महत्त्वका अवशेषहरू प्राप्त भएबाट यसको पुष्टिसमेत हुन पुग्यो । साकेतका इक्ष्याकु वंशका राजकुमारहरूले कपिलमुनिको आज्ञाले बस्ती विस्तार गरेका कारण नै अन्ततः सो क्षेत्र कपिलवस्तु नामले प्रसिद्ध हुन पुगेको विश्वास गरिन्छ । कालान्तरमा यस क्षेत्रमा इक्ष्वाकु वंशका राजकुमारहरूको क्रमिक रूपले वंशवृद्धि हुनु तथा अत्यावश्यक भौतिक पूर्वाधारहरूको वृद्धि र विकासले शाक्य गणराज्यको रूपमा उद्‌भव हुन पुगे ।

## भौगोलिक पहिचान

महाभारतको चुरे पर्वत शृङ्खलाको दक्षिण दिशातर्फ नेपालस्थित कपिलवस्तु रहेको छ । प्राचीन कालमा कपिलवस्तु राज्यको भौगोलिक सीमाक्षेत्र पश्चिमतर्फ कोशल अधिराज्यको श्रावस्ती नगर, पूर्वतर्फ कोलिय राज्यको रोहिनी नदी, उत्तरतर्फ हिमवन्त प्रदेश र दक्षिण पूर्वमा मल्ल गणराज्यसम्म रहेको थियो । चिनिया यात्री फाहियानले कपिलवस्तु नगर, कोशल र रामराज्य (रामग्राम) बिच अर्थात् अचिरावती (राप्ती नदी) र बाणगङ्गाको मध्यमा रहेको वर्णन गरेका छन् (वर्म्मा, १९९६, पृ. ७३) । अर्का चिनिया यात्री व्होयन्-साङले शुद्धोदनको दरवार कपिलवस्तुको तिलौराकोट बाणगङ्गाको समिपमा नै रहेको उल्लेख गरेका छन् (श्वेनत्साङ, १९९१, पृ. १५९) । यसले कपिलवस्तुको सीमाक्षेत्र तथा शाक्य गणराज्यको भौगोलिक पहिचानलाई स्पष्ट पारिदिएको छ ।

## कपिलवस्तुको प्राचीनता

कपिलवस्तु क्षेत्रको पहिचान र प्राचीनता शाक्यमुनि बुद्धसहित क्रकुछन्द बुद्ध र कनकमुनि बुद्धसँग पनि सम्बन्धित रहेको पाइन्छ । पालि साहित्यहरूका अनुसार भद्रकल्पमा पिता अग्निदत्त, माता विशाखा ब्राम्हणी कुलमा कपिलवस्तु क्षेत्रको क्षेमावती नगरमा क्रकुछन्द बुद्धले जन्म लिन पुगेका थिए । क्रकुछन्द बुद्धको परिनिर्वाण पनि कपिलवस्तुकै क्षेमाराममा भएको उल्लेख छ (प्रधान, २०००, पृ. १४२) । व्होयन्-साङको उपस्थिति कालसम्म स्तम्भ अभिलेखमा क्रकुछन्द बुद्धको जन्म र परिनिर्वाण सम्बन्धमा उल्लेख गरिएका वाक्य र शब्दहरू विद्यमान थियो । पछिल्लो समय स्तम्भलाई विनाश गर्ने सिलसिलामा यसको अभिलेखीय भागमा रहेको ठूलो हिस्सा नै विलुप्त पारिदिए तथापि क्रकुछन्द बुद्धको नाममा हाल अशोक स्तम्भको उपस्थितिले यस क्षेत्रको प्राचीनतालाई पुष्टि गरिदिएको छ ।

भद्रकल्पमा ब्राम्हण कुलका पिता यज्ञदत्त, माता उत्तराको कोखबाट कपिलवस्तु क्षेत्रको शोभावती नगरमा कनकमुनि बुद्धले जन्म लिन पुगेको उल्लेख छ । सोही क्षेत्रमा उनको महापरिनिर्वाण पनि भएको थियो (प्रधान, २०००, पृ. १४२) । यस सम्बन्धमा स्वयम् शाक्यमुनि बुद्धले जेतवन बिहारका भिक्षु सङ्घलाई आफ्नो

पूर्वजन्मका बारे व्याख्या गरेका थिए (बज्राचार्य, २०००, पृ. १९०) । शाक्यमुनि बुद्धका तिनै कुराहरूलाई सम्झँदै सम्राट अशोकले लुम्बिनी दर्शनपश्चात कनकमुनि बुद्धसँग सम्बन्धित निग्लिहवा र ककुछन्द बुद्धसँग सम्बन्धित गोटिहवामा पुगेका थिए । सो स्थानप्रति श्रद्धासुमन व्यक्त गर्दै स्तम्भ र स्तूपा निर्माण गर्न लगाएका थिए (गुप्ता, २००४, पृ. ७५) । स्तम्भ अभिलेखमा कनकमुनि बुद्धको जन्म र परिनिर्वाण सम्बन्धमा उल्लेख गरिएका वाक्य र शब्दहरू ह्वोयन्-साङको उपस्थिति कालसम्म थियो । पछिल्लो समय स्तम्भलाई विक्षिप्त अवस्थामा पुऱ्याउने सिलसिलामा यसको अभिलेखको पूर्ण पाठ नासिन पुगेको देखिन्छ तापनि कपिलवस्तुको प्राचीनतामाथि प्रश्न उठाउनुपर्ने कुनै कारण देखिएका छैनन् । शिलास्तम्भमा लेखिएको बुधस कोनाकमनस अर्थात् कनकमुनि बुद्ध, शब्दको उच्चारण नै ऐतिहासिक प्रामाणिकताका लागि पर्याप्त छन् (गुप्ता, २००४, पृ. ७५) ।

## कपिलवस्तु र महासम्मत राजा

कपिलवस्तु अभ्यूदय हुनपूर्व यस क्षेत्रसँगको सम्बन्ध महासम्मत वंशसँग जोडिएको छ । दीपवंशग्रन्थ साहित्यमा महासम्मत वंशको वर्णन सबिस्तार गरिएको पाइन्छ । घना जङ्गललाई कपिलवस्तु नगरको रूपमा विकास र विस्तार गर्ने व्यक्तित्वहरूमा सर्वप्रथम इक्ष्वाकु वंशका महासम्मत नाम गरेका राजाहरूको भूमिका उल्लेखनीय रहेको पाइन्छ । ग्रन्थमा महासम्मत नाम गरेका राजाका एकसय पुत्रहरू थिए र तिनै राजाले कपिलवस्तु नगरमा रहेर चक्रवर्ती साम्राज्यको स्थापना गरेको उल्लेख छ (शास्त्री, १९९६, पृ. ४३) । यसपछिका राजामा आहितान्नका चौरासी हजार छोरानातिसमेत रहेको उल्लेख छ । यसै वंशका पछिल्ला महाराज विजय र उनका छोरा विजित सेनले राज्यलाई सम्पन्न र समुन्नत गरिदिए (शास्त्री, १९९६, पृ. ४३) । यस क्रमलाई धर्मसेन, नागसेन, शमथ, दिसम्पति, रेणुजु, कुश, महाकुश, नवरथ, दशरथ, राम, विलारथ, चित्रदर्शी, अर्थदर्शी, सुजात, ओक्काक (इक्ष्वाकु), उल्कामुख, निपुण, चन्द्रमा, चन्द्रमुख, शिविराजा, सञ्जय, वेससन्तर जनपति (राजा), जाली, सिहिवाहन र सिंहेश्वर राजाहरूले कपिलवस्तु नगरलाई राजधानी बनाई समुन्नत राज्यको रूपमा स्थापित गर्न सफल भएका थिए (शास्त्री, १९९६, पृ. ५०) । सिंहेश्वरपछि जयसेन र सिंहहनुले पनि कपिलवस्तुमा राज्य गरेका थिए । सिंहहनुका पाँच छोराहरूमा शुद्धोदन, धौतोदन, शक्रोदन, शुक्लोदन, अमृतोदन रहेका थिए । सिद्धार्थ यिनै शुद्धोदनका छोरा थिए जसले राहुलको जन्मपश्चात बोधिप्राप्तिका लागि राज्य छाडेर प्रब्रजित हुन पुगेका थिए । यसरी बुद्धको जन्म महासम्मत राजवंश कुलमा नै हुन पुगेको महावंश साहित्यमा उल्लेख छ ।

महासम्मत वंशका ओक्काक (इक्ष्वाकु) तथा उनका छोरा नातिका १६ पिँढीले पृथक्पृथक् नगरलाई राजधानी बनाई राज्य गर्न थालेका थिए । शाक्य वंशको परम्पराका सम्बन्धमा राजा ओक्काकका जेठा छोरा ओक्कामुख (उल्कामुख) राजा बनेपछि क्रमिक रूपमा निपूर्ण, चन्द्रमा, शिविसजय, वेस्सन्तर, सिंहवाहन, सिंहस्वरपछि जयसेनले राज्य गरेको वर्णन दीपवंशमा भन्दा महावंशमा फरक ढङ्गबाट प्रस्तुत गरिएको पाइन्छ (शास्त्री, १९९६, पृ. ५०८) तथापि दीपवंश र महावंशले कपिलवस्तुमा राज्य गर्ने सबै राजाहरू शाक्य भएको उल्लेख गरेका छन् । शाक्यहरूमध्येका जयसेनका छोरा सिंहहनुका पाँच छोराहरूमा शुद्धोदन, धौतोदन, शक्रोदन, शक्लोदन, अमितोदन रहेको वर्णन दीपवंश र महावंशमा समान रहेको छ । दीपवंशमा नदेखिएका दुई छोरीहरू अमिता एवम् प्रमिता नामका व्यक्ति भने महावंशमा उल्लेख गरिएको छ । सिद्धार्थ गौतम महासम्मत वंशका राजा

शुद्धोदनका छोराको रूपमा जन्म लिन पुगेको वर्णन दीपवंश र महावंशमा एकै रहेको छ । तथापि कपिलवस्तु उद्भव सन्दर्भमा दुवै वंश साहित्यमा केही उल्लेख गरेको पाइँदैन ।

अग्रश्रावक शारिपुत्रको जिज्ञासा मेटाउन बुद्धले आफ्नो कुल परम्पराको व्याख्या गर्ने सिलसिलामा कोशातक (साकेत) अर्थात् अयोध्या नगरका सूर्यवंशी राजा महासम्मतलाई प्रथम स्रोत व्यक्तिको रूपमा उल्लेख गरेका थिए । महासम्मतका छोरा कल्याण, कल्याणका छोरा राव, रावका छोरा उपोषध, उपोषधका छोरा राजा मांधाताले राज्य चलाए । पछिल्लो समय राजा मांधाताको छोरीतर्फका छोरा र त्यसपछि नाति सुजाताले अयोध्या (साकेत) को राजा भई राज्य चलाएको उल्लेख छ (बज्राचार्य, १९७८, पृ. १८) । राजा सुताजाको पहिलो श्रीमती कान्तिदेवीका तर्फबाट पाँच छोरा र पाँच छोरीहरू भए । छोराहरूमा ओपुर, निपुर, कर्कण्डक, उल्कामुख, हस्तिकशीर्ष भए । पाँच छोरीहरूमा शुद्धा, विमला, विजिता, जला, जली रहेको वर्णन ललितविस्तर सूत्रमा उल्लेख गरिएको छ ।

राजा सुताजाले तल्लो जातकी जेन्ती नामकी अर्को कान्छी श्रीमती विवाह गर्न पुगिन् । कान्छी श्रीमती रानी जेन्तीका तर्फबाट जेन्तकुमार नामको छोरा जन्मिन पुगे । जेन्ती रानीका तर्फबाट गरिएको सेवासुसार तथा स्त्रीधर्मबाट राजा अति प्रभावित थिए । राजाले आफ्ना जेठी श्रीमती कान्तिदेवीतर्फका पाँच छोराहरूलाई राज्याधिकारबाट च्यूत गरी जेन्तकुमारलाई राजा बनाउन चाहेका थिए । बाबुको इच्छालाई साकार गर्न भाइभारदारका साथ जेठी श्रीमतीका ती राजकुमार र राजकुमारीहरू नयाँ आश्रयको खोजमा अयोध्याबाट शाकोटक (शाल) वृक्षको घना जङ्गल रहेको कपिलमुनिको आश्रममा आइपुगे । कपिलमुनिको कृपादृष्टि र अनुकम्पाले वनजङ्गल फाँडी सुन्दर बस्नलायक स्थानको निर्माण गरी उनै मुनिको नामबाट अन्ततः कपिलवस्तु नगर स्थापित गरी राजकाज चलाउन थाले । यसरी कपिलवस्तु नगर/राज्यको उद्भव हुन पुगेको ललितविस्तरमा उल्लेख छ (बज्राचार्य, १९७८, पृ. १८–२३) । आचार्य बुद्धघोषकृत सुमङ्गलविलासिनी र दीर्घनिकायको अम्बट्ठसुत्तमा पनि शाक्य जातिका आदिपुरुष महासम्मत नामका राजाहरू थिए भनी उल्लेख गरिएको पाइन्छ ।

## कपिलवस्तुका ओक्काक/इक्ष्वाकु र शाक्यवंश

बुद्धले एक प्रसङ्गमा अम्बट्ठमाणवलाई शाक्यराजाहरू ओक्काक/इक्ष्वाकुलाई पितामह मान्दछन् भनी भनेका छन् (बज्राचार्य, १९७८, पृ. ७४) । यसभन्दा पूर्वकालमा कान्छी रानी प्रियंकाका छोरालाई राज्य दिनका लागि राजा ओक्काकले ओक्कामुख (उल्कामुख), करकण्डु, (हस्तीनिक), सिनिपुर नामका जेठा छोराहरूलाई राज्यबाट निकाला गरे । यसपछि ती राजकुमारहरू साकेतको उत्तर हिमालय खण्डतर्फको घना सालवृक्ष भएको जङ्गलतर्फ लागेको उल्लेख छ (बज्राचार्य, १९७८, पृ. ७४) । कोशल नरेश प्रशेनजीतका पुरोहित बाबरीको जिज्ञासामा एक हितैषी देवताले बुद्धको वंश परम्परा र स्थानविशेषको पहिचान गराउने सिलसिलामा भनेका थिए– "पहिले इक्ष्वाकुराजको पुत्र, शाक्यपुत्र, प्रकाशमान्, लोकनायक कपिलवस्तुनगरबाट निकल्नु भयो" (भिक्षु, १९८३, पृ. २५६) । हितैषी देवताको यस भनाइले शाक्य वंश र इक्ष्वाकु वंशबिचको सम्बन्धलाई थप पुष्टि

गरिदिएको छ । तथापि कपिलवस्तुको वास्तविक भौगोलिक पहिचान र उद्भवको सन्दर्भमा सुत्तनिपातमा जानकारी दिइएको छैन ।

बुद्धचरितमा इक्ष्वाकु वंशका राजाको रूपमा शुद्धोदन नामको चर्चा गरिएको छ (चौधरी, २०००, पृ. १) । सोही ग्रन्थको महाशिष्य प्रवज्यासूत्रको छैठौं श्लोकमा ब्राम्हणपुत्र उपतिष्यको (शारिपुत्र) जिज्ञासामा अश्वजितले सारसङ्क्षेपमा भनेको वाक्य रोचक छ । जसमा भनिएको छ– “मेरा गुरु इक्ष्वाकुवंशमा उत्पन्न हुनुभएको र वहाँ सर्वज्ञ एवम् अद्वितीय हुनुहुन्छ” (चौधरी, २०००, पृ. २१३) इक्ष्वाकु वंश र शाक्य जातिबिचको सम्बन्धलाई यस वाक्यले झनै पुष्टि गरिदिएको छ । तथापि सो ग्रन्थले पनि कपिलवस्तु र इक्ष्वाकुवंश परम्पराको सम्बन्ध र कपिलवस्तुको उद्भवका बारेमा चर्चा गरेका छैनन् । ललितविस्तरसूत्रले कपिलवस्तुमा राज्य स्थापित गर्ने राजाहरूको वंशपरम्पराको तहगत व्याख्या गरिए पनि ओक्काक वा इक्ष्वाकु नामका कुनै पनि व्यक्तिका बारेमा चर्चा गरेको छैन । सुत्तनिपातको पारायणवग्ग वत्थगाथामा भगवान बुद्धलाई राजा इक्ष्वाकुका सन्तान शाक्यपुत्र भनी सम्बोधन गरेको छ (भिक्षु, १९८३, पृ. २५६) । इक्ष्वाकुवंश शाक्य जातिका आदिपुरुष र सूर्यवंशी क्षेत्रीय रहेको उल्लेख गरिएको छ ।

शाक्य जातिको आदिपुरुष महासम्मत नामको राजादेखि इक्ष्वाकु वंशसम्म कायम रहेको सुमङ्गलविलासिनी साहित्यमा पनि वर्णन गरिएको छ । इक्ष्वाकुको शासनकालमा उनका पाँच रानीमध्ये जेठी रानीका तर्फबाट चार छोराहरू ओक्कामुख, करकण्ड, हत्थिनिक, सीनिपुर र पाँच छोरीहरूमा प्रिया, सप्पिया, आनन्दा, विजिता र विजितसेन रहेको उल्लेख छ । सो क्रम ललितविस्तरको भन्दा फरक रहेको छ । साथै राजाले पुनः अर्को एक केटीसँग विवाह गरी जन्तु नामका छोरा जन्माएको घटना सुमङ्गलविलासिनीमा उल्लेख छ । ती जन्तु नामको छोरालाई राज्य दिने उद्देश्यले राजा इक्ष्वाकुले राजकुमार र राजकुमारीहरूलाई देशनिकाला गरिदिए । ती राजकुमार र राजकुमारीहरू हिमालयतर्फ आउने क्रममा कपिलऋषिलाई भेट्न पुगे र ऋषिको आदेशअनुसार उनको आश्रमको नजिकै नगर निर्माण गरी बस्न थाले । कालान्तरमा उक्त स्थान ऋषिको नामले कपिलवस्तु रहन पुगेको उल्लेख छ (उपाध्याय, १९९१, पृ. २३७–२३८) ।

## कपिलवस्तु र कपिलमुनि

गौतमऋषि कपिलमुनिको सम्बन्ध कपिलवस्तुको उद्भवसँग जोडिएको छ । महाकवि अश्वघोषले गौतमऋषि कपिललाई मुनि, धार्मिकहरूमा श्रेष्ठ, महातपस्वीको रूपमा चर्चा गरेका छन् । गौतमऋषि कपिलमुनिले तपस्याका निमित्त उपयुक्त आश्रमको खोजीमा हिमालयको शुभअञ्चलको सुन्दर शालवनलाई छनोट गर्न पुगेको उल्लेख छ । पछिल्लो समय त्यस आश्रम क्षेत्रमा इक्ष्वाकुवंशी राजकुमारहरू पिताको वचनलाई परिपालन गर्ने हेतूले आश्रय लिन पुगे । मुनिले पनि राजकुमारहरूलाई आश्रयदिई ज्ञानगुणका कुराहरू सिकाए । पछिल्लो समय ती राजकुमारहरूले गौतमऋषि कपिलमुनिलाई गुरुको रूपमा स्वीकार गरे । कालान्तरमा ती नै गुरुको नामबाट शाक्यजातीहरूले आफुलाई गौतमगोत्र भनी पहिचान समेट दिलाएको थिए । भगवान बुद्धबाट पनि श्रवास्तीको जेतवन स्थित् करेरीकुटीमा रहेका भिक्षु सङ्घलाई आफ्नो पूर्व जन्मसम्बन्धी कथामा आफू गौतम गोत्रका हूँ भनेर भनेका थिए (वज्राचार्य, २०००, पृ. १९०) ।

कपिलवस्तु क्षेत्रको सन्दर्भमा कपिलमुनिले आकाशमा उडेर त्यस क्षेत्रको सीमाङ्कन गरेको सौन्दरनन्द महाकाव्यको वर्णनमा उल्लेख छ। त्यसपछिका दिनहरूमा इक्ष्वाकु राजकुमारहरूले वास्तुशास्त्रीहरूको सुझावमा सुन्दर नगर बसाए र कपिलमुनिको नामबाट कपिलवस्तु भनिन थालिएको उल्लेख छ (बज्राचार्य, १९८३, पृ. ७)। कपिलवस्तु सम्बन्धमा महाकाव्यले अतिरञ्जित व्याख्या गर्न नखोजेको भने होइन। तथापि कपिलमुनि, इक्ष्वाकु वंश र कपिलवस्तुको सम्बन्धमा गरिएको चर्चा मूलः विषयवस्तुबाट टाढा भने रहेको देखिँदैन (बज्राचार्य, १९८३, पृ. १–५)। विषयगत आधारबाट हेरिँदा कपिलमुनि र कपिलवस्तु नगरको सम्बन्धमा सौन्दरनन्द महाकाव्य र अन्य बौद्ध साहित्यले गरेको वर्णनमा भिन्नता रहेको पाइँदैन।

इक्ष्वाकु जाति कोशल देशका राजा थिए भने 'साकेत' उनको राजधानी थियो भनी महावस्तुमा चर्चा गरिएको छ। साकेतबाट निर्वासित भई इक्ष्वाकु जातिका राजकुमारहरू कपिलऋषिको आश्रममा पुगे। अन्ततः त्यहीँ नै बस्ती बसाली कपिलऋषिको नामबाट कपिलवस्तु नगरको निर्माण गर्न पुगेको उल्लेख छ (बाग्ची, २००३, पृ. २९२)। केही संस्कृत ग्रन्थहरूमा कपिलवस्तुलाई कपिलवास्तु, कपिलाह्ययपुर, र कपिलपुर आदि फरकफरक नामले पनि संम्बोधन गरिएको पाइन्छ। सौन्दरनन्द महाकाव्य, सुमङ्गलविलासिनी, महावस्तु र दिव्यावदान जस्ता बौद्ध साहित्यले शाक्य जातिका पूर्वजहरू कपिलमुनि गौतम/कपिल ऋषिको आश्रममा पुगेको वर्णन एकै प्रकारले गरिएको पाइन्छ (वैद्य, १९९९, पृ. ४६७)। ग्रन्थले कपिल ऋषिको आश्रम समीपमा भगीरथ नदी (बाणगङ्गा) रहेको चर्चा गरेको छ, जुन नदी हालसम्म पनि तिलौराकोट दरबारको उत्तरपश्चिममा बगिरहेको देख्न सकिन्छ।

## बुद्धको कपिलवस्तु आगमन

कपिलवस्तुको प्राचीनतासँगको सम्बन्ध शाक्यमुनि बुद्धका साथै ऋकुछन्द र कनकमुनि बुद्धसँग पनि जोडिन पुगेकाले नेपालको इतिहासमा यसले विशेष महत्त्व राख्दछ। तथापि पछिल्लो समय कपिलवस्तुको वास्तविक पहिचान राज्यले विश्वसामु उजागर गर्न नसक्नुका कारणले शाक्यमुनि बुद्धको व्यक्तित्वसँग मात्र यस क्षेत्रको महिमा सीमित हुन पुगेको देखिन्छ जसले गर्दा समय समयमा यस सम्बन्धमा भारतीय पक्षले भ्रम श्रृजनाका प्रयासहरू गर्ने गरेका छन्।

बोधिसत्वरूपी जीवनको २९ वर्ष कपिलवस्तु नगरको तिलौराकोट दरवारमा शाक्यमुनी बुद्धले जीवन बिताएका थिए। बोधिज्ञान लाभका लागि छ वर्षसम्म असफल प्रयास गरियो। अन्ततः आफ्नै विधिको विपश्यना ध्यान पद्धतिबाट बुद्धत्व लाभ गरे। बुद्धत्व प्राप्तिपश्चात पैँतालिस वर्ष धर्मबिस्तारमा लागिपरे। यसबिच उनी चार पटक आफ्नो गृहनगर कपिलवस्तु आउने गरेको बारेमा बौद्ध साहित्यहरूमा उल्लेख भएका छन्। यसप्रकार बुद्धको आगमनले कपिलवस्तुको गरिमालाई उच्च बन्न सघाएका थिए।

बुद्धत्व प्राप्तिपछि राजा बिम्बीसारद्वारा पहिलो पटक प्रदान गरिएको राजगृहको वेलुबन विहारमा बुद्ध बस्न पुगेका थिए। राजा शुद्धोदनको मनमा बुद्धलाई भेट्ने प्रवल चाहना जागृत भई कालउदयीको माध्यमबाट आग्रहसमेत गरियो। पिता शुद्धोदनको आग्रहलाई स्वीकार गर्दै प्रथमपटक शाक्यमुनि बुद्ध ई.पू. ५८७ पूर्णिमाको

दिन कपिलवस्तु आइपुगेका थिए । बुद्धको उक्त आगमनसाथ बीस हजारको सङ्ख्यामा क्षीणास्रव भिक्षु सङ्घको पनि उपस्थिति रहेको थियो (सांकृत्यायन, १९५५, पृ. ५२) । कपिलवस्तु निवासी निग्रोध नामका शाक्यले भिक्षु सङ्घलाई दानमा दिएको निग्रोधाराम (कुदान) बिहारमा बुद्धले विश्राम गरे । उक्त निग्रोधाराम विहार तिलौराकोट दरबारको दक्षिणपश्चिम करिब तीन कि.मी. को दूरीमा अद्यापि रहेको छ । राजकुमार नन्द र राहुल यसै समय बुद्धको सङ्घमा प्रवर्जित भएका थिए । यसै सिलसिलामा बुद्धले म.नि.सेखसुत्त र स.नि.को अवस्सुत्त देशना गरे (उपाध्याय, १९९१, पृ. २४२) । यसरी नेपालको कपिलवस्तु/तिलौराकोट दरवारको समिप निग्रोधाराम बिहारको उपस्थितिले गनवरीया र पिपरहवा शुद्धोदनको दरवार भन्ने भारतीयहरूको दाबिलाई गलत साबित गरिदिएको छ ।

बुद्धले पाँचौ वर्षावास वैशालीमा बिताइरहेको समय थियो । यसै समय जिनतथपकासिनीबाट पिता शुद्धोदन रोगले ग्रस्त भइरहेको जानकारी पाए । रोगग्रष्त पितालाई भेट्न दोस्रो पटक पाँच सय भिक्षु सङ्घसहित बुद्ध कपिलवस्तु पुगे । यस पटक पनि बुद्धले न्यग्रोधाराममा नै विश्रामका लागि उपयुक्त थाने । अन्ततः बुद्धको निमित्त यो दोस्रो पटकको आगमन पितासँगको अन्तिम भेट बन्न पुग्यो (उपाध्याय, १९९१, पृ. २४३) । पिता शुद्धोदनको अन्त्येष्टि क्रिया बुद्धबाट नै सम्पन्न गरियो । पतिवियोगमा रहेका प्रजापति गौतमीले यसै समयमा आफूसहित अन्य महिलाहरूका लागि भिक्षुणी बन्नका लागि अनुरोध गरे (अङ्गुत्तरनिकायो, १९९८, पृ. १०३) । यसै समय शाक्य र कोलियबिचको रोहिणी नदीको पानी विवादले युद्धको भयावह स्थिति सिर्जना भए (उपाध्याय, १९९१, पृ. २४३) । बुद्धले ती दुई भाइबन्धुहरूको वैमनस्यता र द्वेषको स्थितिलाई शान्त गरिदिए (धम्मपदअट्टकथा, १९९८, पृ. १५१) । कपिलवस्तुको दोस्रो आगमनपछि बुद्ध पुनः वैशाली फर्केका थिए (अङ्गुत्तरनिकायो, १९९८, पृ. १०९) । यस पटकको कपिलवस्तु आगमन बुद्धका लागि त्यति सहज भने रहेन ।

बुद्धको तेस्रो पटकको कपिलवस्तु आगमन पन्ध्रौँ वर्षावासका लागि हुन पुगेको थियो । यस पटक पनि बुद्धले तीन महिना कुडानको न्यग्रोधाराम बिहारमा नै बिताए (अङ्गुत्तरनिकायो, १९९८, पृ. २९६) । वर्षावासको तीन महिना अवधिमा कपिलवस्तुको विभिन्न क्षेत्रहरूलगायत लुम्बिनी, सज्जनेल (सुनौल), देवदह आदि क्षेत्रहरूमा पनि पुगेका थिए (उपाध्याय, १९९१, पृ. २५०) । चौथौ र अन्तिम कपिलवस्तुको आगमन बुद्धको ७८ वर्ष उमेरमा भएको थियो । यस पटकको आगमनले शाक्यहरूको विरुद्धमा विडुडभको तेस्रो आक्रमण प्रयासलाई असफल बनाइदिएका थिए (उपाध्याय, १९९१, पृ. २५०) । यसप्रकार बुद्धको चार पटक कपिलवस्तु आगमन हुनुले मातृभूमिप्रति उनको श्रद्धाभावलाई दर्शाउँछ । यसअतिरिक्त कपिलवस्तुको गौरवमयी इतिहासको वर्णन गर्ने क्रममा बुद्ध कहिल्यै थाकेका थिएनन् । जेतवन विहारको भिक्षु सङ्घलाई उनले आफ्नो पूर्वजन्मको व्याख्या गर्ने क्रममा भद्रकल्पमा ककुछन्द बुद्ध र कोणागमन बुद्ध यसै लोकको कपिलवस्तुमा उत्पन्न भएको बारेमा जानकारी दिएका थिए । सो स्थान यद्यपि नेपाल भूमिको कपिलवस्तुमा रहेका छन् (वज्राचार्य, २०००, पृ. १९०) ।

## कपिलवस्तु र मौर्य सम्राट

कलिङ्ग युद्धको विजयपश्चात पश्चात्ताप गर्न पुगेका मौर्य सम्राट अशोकले आफ्नो जीवनको बाँकी समय बुद्ध धर्मको नाममा समर्पित गरे । भूमिराज्यको सिमाना विस्तार होइन, धर्मराज्यको सिमाना विस्तारमा

लागिपरे । यसै सिलसिलामा सर्वप्रथम बुद्धको जन्मथलो लुम्बिनीको दर्शन गर्न आइपुगेका अशोकले नेपालको कपिलवस्तु क्षेत्रमा रहेको कोणागमन बुद्धको निग्लिहवा र ऋकुछन्द बुद्धको गोटिहवामा पुगी श्रद्धासुमन व्यक्त गरेका थिए (वैद्य, १९९९, पृ. २४९) । यस अतिरिक्त उनले आफ्नो उपस्थिति जनाउन तथा कोणागमन र ऋकुछन्द बुद्धका बारेमा लोकले जानून् र बुझून् भनी स्तम्भ र स्तूपा निर्माण गर्न लगाएका थिए (मुखर्जी, २००४, पृ. ३२) । यद्यपि प्रमाणको रूपमा हालसम्म पनि ती स्तम्भ र स्तूपाहरू यथास्थानमा रहेका छन् ।

स्थान पहिचानका लागि सम्राट अशोकले हिमवत्खण्डको यात्रा स्थवीर उपगुप्तको अगुवाइमा गरेका थिए (वैद्य, १९९९, पृ. २४९) । सम्राटद्वारा स्थापित गोतिहवा र निग्लिहवा स्तम्भ र त्यसमा रहेको अभिलेखिय भाषाले उनको उपस्थितिलाई बोध गराउँछ (मुखर्जी, २००४, पृ. ३२) । सम्राट अशोकको स्तम्भीय भाषाले बुद्ध कनकमुनिको मात्र नभई कपिलवस्तुको पहिचानलाई समेत सिद्ध पारिदिएको छ । हाल माथिल्लो भाग देख्नमा नपाइए पनि व्होयन्-साङ्ले आफ्नो यात्राको क्रममा गोटिहवाको स्तम्भमा पनि अभिलेख देखेका थिए (श्वेनत्साङ, १९९१, पृ. १६१) । ती स्तम्भ अभिलेखमा पनि निग्लिहवा स्तम्भको जस्तै भाषा रहेको विश्वास गर्न सकिन्छ । हाल गोटिहवा स्तम्भको माथिल्लो भाग उपलब्ध नभई अभिलेख देख्नमा नआए तापनि दिव्यावदान साहित्यले सम्राटको उपस्थितिबारे स्पष्ट वर्णन गरेको छ (वैद्य, १९९९, पृ. २४९) । पछिल्लो समयमा गरिएको उत्खनन्मा ठुप्रौं मौर्यकालीन विषयवस्तुहरू प्राप्त भएका छन् । यस अतिरिक्त निग्लिहवा स्तम्भमा कुँदिएका विभिन्न प्रकारका मयूर आकृतिले अशोकपछि अन्य मौर्य राजाहरूको पनि उपस्थितिलाई सङ्केत गरेको छ । मौर्यहरूको यस्तो उपस्थितिले कपिलवस्तुमा थुप्रै भौतिक संरचनाहरू निर्माण गरिएको बुझ्न सकिन्छ (रिजाल, १९७८, पृ. १८) । यसपछिका दिनहरूमा शुङ्ग, कुशान, गुप्त, पालसेनकालका महत्त्वपूर्ण व्यक्तित्वहरूको उपस्थित रहेको थियो भन्ने प्रमाण त्यहाँबाट प्राप्त विभिन्न कलाकृतिहरूले स्पष्ट गरेको छ ।

## बौद्धहरूको पवित्रस्थल कपिलवस्तु

कनकमुनि र ऋकुछन्द बुद्धका कारण कपिलवस्तु बौद्धहरूका लागि पवित्रस्थलको रूपमा रह्यो । शाक्यमुनि बुद्धको उपस्थितिले कपिलवस्तुको गरिमा र पवित्रतालाई झनै अभिवृद्धि गरिदिए । बुद्धको महापरिनिर्वाणपछि उनको धर्मदर्शन विभिन्न देशहरूमा बिस्तारै फैलिरहेको थियो (पाण्डे, २००६, पृ. १६५) । विशेषगरी मौर्यकालमा पश्चिमा देशहरूमा पनि बुद्धधर्म बिस्तार भए । यसअतिरिक्त ईसापूर्वको अन्ततिर दक्षिणपूर्व र सुदूर उत्तरपूर्व देशहरूले त बौद्ध धर्मलाई राज्यधर्मको रूपमा नै स्वीकार गर्न थाले । यस्तो स्थितिमा चीन तथा अन्य देशका श्रद्धालु बौद्धहरूले कपिलवस्तुलाई महत्त्वपूर्ण तीर्थस्थलको रूपमा लिनु स्वाभाविक थियो । यसै सिलसिलामा दोस्रो शताब्दीपछि चीनका ली–ताओ–युंग, सेङ्ग–साई, वाई चु चिन जस्ता प्रवर्जित व्यक्ति श्रद्धा व्यक्त गर्न लुम्बिनी र कपिलवस्तु क्षेत्रमा पुगेका थिए । यसरी कपिलवस्तु पुग्ने यात्रीमध्येमा फाहियान (ई. ४००–४११) को यात्रा विशेष महत्त्वको छ (वेल, २००३, पृ. ८५) । फाहियानले आफ्नो यात्रावर्णनमा कपिलवस्तुको भौगोलिक पहिचान दिने प्रयास गरेको पाउँछौं । उनले आफ्नो वर्णनमा श्रावस्ती नगरको दक्षिणपूर्व १२ योजनपछि न–पीइ–किया नामको ग्राम अर्थात् ऋकुछन्द बुद्धको नगर पुगेको उल्लेख गरेका छन् (वर्म्मा, १९९६, पृ. ७३) । उनले उक्त स्थानलाई ऋकुछन्द बुद्धको जन्म तथा पितापुत्रको दर्शन र परिनिर्वाण स्थानका रूपमा चित्रण गरेका छन् ।

स्तम्भलगायत प्रशस्त स्तूपाहरूसमेत देखेको उल्लेख गरेका छन् । फाहियानले पहिचान गरेको सो स्थानलाई अहिलेको जनभाषामा गोटिहवा भन्ने गरेको पाइए पनि बुद्धवंशमा भने त्यस स्थानलाई क्षेमावती नगर भनेर वर्णन गरिएको छ (प्रधान, २०००, पृ. १४२–१४३) ।

न–पीइ–किया पछिको एक योजन उत्तर दिशामा कनकमुनि बुद्धले जन्म लिएको स्थानमा पुगेको उल्लेख छ । कनकमुनि बुद्धले पितालाई दर्शन गर्न पुगेको स्थान र परिनिर्वाणसमेत लाभ गरेको स्थानमा फाहियानले एक स्तम्भलगायत थुप्रैं स्तूपाहरू देखेका थिए । सो स्थानलाई अहिलेको जनभाषामा निग्लिहवा भन्ने गरेको पाइए तापनि बुद्धवंशमा भने शोभावती नगर भनेर वर्णन गरिएको छ । यसो त फाहियानले क्षेमावती नगरको एक योजनभन्दा कम दूरीमा शोभावती नगर रहेको उल्लेख गरिएको ठिकै देखिन्छ । तथापि कपिलवस्तुबाट शोभावती नगरपूर्व हुनुपर्नेमा पश्चिमतर्फ भनिदिनाले फाहियान दिशा पहिचान गर्नमा चुकेको देखिन्छ । फाहियानले निग्लिहवा नगरबाट एक योजनको दूरीमा रहेको कपिलवस्तुलाई खण्डहर र उजाडको स्थितिमा देखेका थिए । तिलौराकोट दरबार क्षेत्रभित्रको मायादेवी र सिद्धार्थको मूर्ति देख्दा भने फाहियान उत्साहित भएका थिए (वर्म्मा, १९९६, पृ. ७३) । आजको भौगोलिक अवस्थितिलाई हेर्दा फाहियानले उल्लेख गरे झैँ कपिलवस्तु नगर, श्रावस्ती नगरको दक्षिणपूर्व रहेको पाइँदैन, श्रावस्ती नगरको उत्तरपूर्वमा रहेको छ । शालवृक्षको घना जङगलभित्र यात्रा गर्ने सिलसिलमा कपिलवस्तुको तिलौराकोट दरवार क्षेत्रको दिशा पहिचान गर्न नसकी यात्रावर्णन लेख्ने सिलसिलामा फाहियानले गलत दिशा लेख्न पुगेको बुझिन्छ ।

कपिलवस्तु पुगेका चिनियाँ यात्रुमध्येमा ह्वेन्साङ् पनि एक थिए । उनको कपिलवस्तु यात्रा ई. ६३७ मा भएको थियो । ह्वेन्साङ्ले आफु श्रावस्ती नगरको दक्षिणपूर्व पाँच सय ली हिँडाइपछि कपिलवस्तु नगर (की पि लो फा से ती ) पुगेको उल्लेख गरेका थिए । कपिलवस्तु नगरको पचास ली दक्षिणतर्फ ऋकुछन्द बुद्धको जन्म तथा पितापुत्रको दर्शन र परिनिर्वाणस्थल समेतलाई उनले देखेका थिए । यात्राको क्रममा उनले त्यहाँ प्रशस्त बुद्धका अस्थिसहितका स्तूपाहरू पनि देखेका थिए । स्तूपानजिकै तीस फिट अग्लो सम्राट अशोकद्वारा निर्माण गराइएको स्तम्भलाई देखे । शीर्षभागमा सिंहको मूर्तिसहित स्तम्भमा ऋकुछन्द बुद्धको परिनिर्वाणको विवरण उल्लेख गरिएका अभिलेखलाई देखेका थिए (वाटेस, १९६१, पृ. ५) ।

व्होयन्-साङले ऋकुछन्द बुद्धको नगरबाट तीस ली (छ कि.मी) उत्तरपूर्वको दूरीमा पुरानो तर ठुलो नगरबिच एउटा स्तूपालाई देखेका थिए । सो स्थानमा कनकमुनि बुद्ध जन्म भएको थियो । उक्त स्थानबाट उत्तरपूर्व केही दूरीमा कनकमुनि बुद्धले आफ्ना पितालाई सद्धर्मको देशना गरेको स्थानमा स्तूपा रहेको देखेका थिए । सद्धर्मको देशना गरेको स्थानबाट उत्तरतर्फको केही दूरीमा बुद्धको अस्तिहरूसहितको स्तूपालाई पनि देखे । स्तूपाको नजिकै बीस फिट अग्लो अशोकद्वारा निर्माण गरिएको प्रस्तर स्तम्भ र सो स्तम्भमा सिंहको मूर्तिसहित कनकमुनि बुद्धको परिनिर्वाणका बारेमा उल्लेख गरिएको अभिलेखलाई पनि देखेका थिए (श्वेनत्साङ, १९९१, पृ. १५९–६२) ।

ह्वेन्साङ् कपिलवस्तुको वस्तुगत विवरण दिन उत्साहित थिए । उनले राजधानीबाट चालिस ली उत्तरपूर्वमा राजा शुद्धोदनले आषाढ उत्सवमा हलो जोत्दा सिद्धार्थले समाधिमा बसेको स्थान, राजधानीको

उत्तरपश्चिममा विदुढकबाट शाक्यहरूलाई हत्या गरेको स्थानको पनि अवलोक गरेका थिए । सो स्थानहरूमा उनले सैयौं स्तूपाहरू भग्न अवस्थामा रहेको देखेका थिए। ह्वेन्साङ्ले नगरको तीनचार ली दक्षिणमा निग्रोधवनमा अशोकद्वारा निर्माण गरिएको स्तूपाको बारेमा पनि चर्चा गरेका छन् । बोधिसत्व सिद्धार्थले शस्त्रविद्याको प्रतियोगितामा बाण प्रहार गर्दा ती बाणहरू पृथ्वीको गर्भमा प्रवेश भएपछि बाणगङ्गा प्रवाहित हुन पुगेको भन्ने उनको बुझाइ रहेको छ । विषयमा सत्यता छ या छैन सरोकारको विषय भएन तथापि तिलौराकोट दरबारको उत्तरपश्चिममा अद्यापि बगिरहेको बाणगङ्गा नदीले शुद्धोधन महाराजको दरवार तिलौराकोटलाई स्पष्टतः पुष्टि भने गरिदिएको छ (श्वेनत्साङ, १९९१, पृ. १६४) ।

कपिलवस्तु भ्रमणमा आउने यात्रुहरूमा केवल चिनियाहरू मात्र थिएनन् । आठौँ शताब्दीतिर कोरियाली तीर्थयात्री हे-चो भारतका विभिन्न बौद्धस्थलहरूको भ्रमण गर्ने सिलसिलामा वैशाली हुँदै कपिलवस्तु पुगेका थिए । हुन त उनले चिनियाँ यात्रुहरूले झैँ कपिलवस्तुका सन्दर्भमा वस्तुगत विवरणहरू उल्लेख गरेका छैनन् तथापि बुद्धको जन्म कपिलवस्तु क्षेत्रमा भएको थियो भन्ने सङ्क्षिप्त जानकारी दिने प्रयास हे-चोले गरेको पाइन्छ (चंद्रिकेश, २००६, पृ. ४७) । ई. १३१३ मा नेपाल उपत्यकाको बुङ्गमतीको लोकेश्वर र स्वयम्भूको दर्शन गरिसकेपछि जितारीमल्ल, रिपुमल्ल/संग्राममल्ल लुम्बिनी दर्शनका लागि पुगेका थिए । लुम्बिनीलगायत कपिलवस्तुको निग्लिहवा र गोटिहवामा ती राजाहरूले श्रद्धा व्यक्त गर्न पुगेका थिए। रिपुमल्लले आफ्नो उपस्थिति जनाउन लुम्बिनी र कपिलवस्तुको अशोक स्तम्भमा "ऊ मणि पद्मे हूँ रिपुमल्लस्य चीरंजयन्तु १२३४" वाक्य कुँद्न लगाए । सो अभिलेखीय वाक्यले नेपालको इतिहासलेखन कार्यमा लुम्बिनी र कपिलवस्तुको पहिचान र प्रामाणिकता स्थापित गर्नका लागि आधारस्तम्भ खडा गरिदिएका छन् (अधिकारी, २००४, पृ. २१७) ।

## कपिलवस्तुको पुनः पहिचान

ककुछन्द बुद्ध र कनकमुनि बुद्धसहित बोधिसत्व सिद्धार्थको उनान्तीस वर्षसम्मको बाल्यकाल बिताएको कपिलवस्तु क्षेत्र बौद्धहरूका लागि मात्र चासोको विषय रहेन । उन्नाइसौं शताब्दीको कालसम्म पुग्दा बुद्धधर्म र दर्शनको चर्चा विश्वमाझ हुन थालिसकेका थिए । ऐतिहासिक महत्त्वका बौद्ध क्षेत्रहरूको खोज अनुसन्धान गरिनुपर्ने आवश्यकता विज्ञजनहरूले महसुस गर्न थाले । यसै सिलसिलामा केही पश्चिमा मुलुकका पुरातात्त्विक अन्वेषकहरूले सर्वप्रथम कपिलवस्तु र बुद्धहरूको जन्मथलोको पहिचान गरिनुपर्ने आवश्यकता थाने। यसका लागि केही अन्वेषकहरू नेपाल र भारतको सिमानातर्फ आकर्षित हुन थाले। सन् १८५८ मा गोरखपुर र रोहिणी नदीका बिच कपिलवस्तु हुनुपर्ने ठानी प्रा.डा. लासेनले खोजीकार्य गरे तर सफल हात पार्न सकेनन् । सन् १८६३ मा आर्कियोलोजिकल सर्भे डिपार्टमेन्टका ए.कनिङ्हमले चिनिया यात्रुहरूको यात्राविवरणको आधार लिई श्रावस्तीको दक्षिण-पूर्व क्षेत्रस्थित अन्दाजी ८० माइल वरपर कपिलवस्तु हुनुपर्ने ठानी खोजीकार्य गरे । यस पटकको प्रयास पनि असफल रहे । दीर्घनिकायको अम्बट्ठसूत्त र दिव्यावदानमा उल्लेखित रोहिणीनदी, बाणगङ्गा/भगीरथीनदी र लुम्बिनी, देवदह रामग्राम आदिको भौगोलिक वर्णनको आधार लिई कपिलवस्तुको खोजीकार्य गर्ने प्रयासहरू पनि गरे। यस अतिरिक्त चिनियाहरूको यात्रावर्णन, मेजर जसकरण सिंहले स्तम्भ देखेको सूचनालाई पच्छ्याउदै ए. फुहरर त्यस क्षेत्रमा भौंतारिरहेका थिए। यसै सिलसिलामा स्थानीय थारु समुदायहरूले घना जङ्गलभित्र ए.

फुहररलाई निग्लिहवा स्तम्भ देखाइदिए । फुहररले स्तम्भ अभिलेखको उतार गरी त्यसको अर्थ लगाउन लगाए । जसबाट कनकमुनि बुद्धसँग सम्बन्धित स्थल भएको पुष्टि हुन पुग्यो । यसपछि संसारजगत्मा फुहररले निग्लिहवा स्तम्भको पहिचान गराउने पहिलो व्यक्तिका रूपमा आफूलाई प्रस्तुत गर्न थाले ।

## निष्कर्ष

कपिलमुनि गौतमको नामबाट नामाङ्कन गरी इक्ष्वाकु वंशद्वारा ई.पू. आठौँ शताब्दीपूर्व स्थापित कपिलवस्तु नगरलाई शाक्य जातिले विकास र विस्तार गरी शाक्य गणराज्यको रूपमा स्थापित गर्न पुगे । कपिलमुनि गौतमको नामबाट नै सिद्धार्थलाई पछिल्लो समय शाक्यमुनि गौतम बुद्धको नामले सम्बोधन गर्न थाले । तिनै शाक्य जातिहरू बुद्धको समयकाल तथा पछिलो कालक्रममा घटेका विभिन्न अप्ठ्यारा घटनाक्रमहरूले नेपाल उपत्यकामा बसाइँ सर्न पुगे । तथापि हाल उपत्यकामा रहेका शाक्य र वज्राचार्यहरूले आफ्ना पूर्वजहरूको गुणलाई स्मरणमा राख्नका लागि ऋषि कपिलमुनि गौतमको नामबाट आफ्नो गोत्रका सन्दर्भमा गौतम गोत्र लेख्ने गरिआएका छन् । यसअतिरिक्त सत्ताइस सय वर्षअघि देखिको बौद्ध सङ्घीय सङ्गठनात्मक पद्धतिलाई यहाँका शाक्य र वज्राचार्यहरूले कायम गर्दै रहनुले पनि कपिलवस्तुको पहिचान र प्रामाणिकतालाई सिद्ध गर्ने आधार प्रदान गरेको छ । यसअतिरिक्त कपिलवस्तु क्षेत्रमा प्राप्त मौर्य शुङ्ग, कुशान, गुप्त, पालसेनकालका महत्त्वपूर्ण कलाकृतिहरूले यसको प्रामाणिकतालाई थप स्पष्ट गरिदिएका छन् ।

पाँचौँ र सातौँ शताब्दीमा कपिलवस्तु आइपुगेका चिनिया यात्रुहरूले आफ्नो यात्रावर्णनमा भगीरथी नदी/बाणगङ्गा नदी र तिलौराकोटको भग्न दरबारबारे उल्लेख गरेका थिए जो अहिले पनि तिलौराकोटको उत्तरपश्चिम छेउमा यथास्थितिमा नै बगिरहेको छ । दरवारको पूर्व र पश्चिमको प्रवेशद्वार, दरवारको जग, नगरको सभ्यतासँग सम्बन्धित मुद्रा, गहणा, विविध औजारहरू, माटाका सानासाना मूर्ति आदि पुरातात्त्विक उत्खनन्का क्रममा प्राप्त भएका छन् । यी यस्ता विषयवस्तु र आधार सामग्रीले पनि कपिलवस्तुको प्रमाणिकतालाई साबित गरिदिएका छन् ।

चिनिया यात्रुहरूको यात्रावर्णनमा उल्लिखित श्रावस्तीदेखि कपिलवस्तुको भौगोलिक दूरीले यस स्थानको प्रामाणिकतालाई अझ पुष्टि गरिदिएको छ । उत्खनन्का क्रममा प्राप्त निग्लिहवा र गोटिहवा स्तम्भ, शाक्यहरूलाई सम्हार गरेको स्थान सगरहवा, बुद्धको पहिलो आगमनमा विश्राम लिएको स्थान निग्रोधारामबिहार (कुडान) आदि सबै वस्तुगत पहिचान भइसकेको छ । यस आधारमा शुद्धोदनको राजप्रासाद तिलौराकोट र कपिलवस्तुमा रहेका कनकमुनि बुद्ध र ककुछन्द बुद्ध क्षेत्रको समेत प्रामाणिकतालाई सिद्ध गरिदिएको छ । जब कि यस्ता प्रमाणबिनाको दाबीले गनवरिया र पिपरहवालाई कुनै पनि हालतमा भारतले तिलौराकोट र कपिलवस्तु साबित गर्न नसक्ने यथार्थता जगजाहेर छ ।

तत्कालीन भारत सरकारका पुरातत्त्व सर्वेक्षक बाबु पूर्णचन्द्र मुखर्जीले सन् १८९९ मा नेपालको तराई क्षेत्रमा रहेको तिलौराकोट दरबार, लुम्बिनी क्षेत्र र भारतमा रहेको पिपरहवा क्षेत्रको अन्वेषण गरेका थिए । ती सबै क्षेत्रको सर्वेक्षण र विश्लेषण गरेपश्चात् मुखर्जीले आफ्नो प्रतिवेदनमा तिलौराकोट दरवारक्षेत्र नै वास्तविक कपिलवस्तु हो भनी प्रमाणित गरेका थिए । वर्तमान अवस्थामा भारतीय पक्षले आफ्नो सीमाक्षेत्रभित्र पर्ने

पिपरहवा र गनवरीयालाई शुद्धोदनको दरवार तिलौराकोट र कपिलवस्तु नगरको नामबाट अफवाह फैलाउने प्रयास गरिए तापनि त्यहाँ विहार संरचनाबाहेक शुद्धोदनको दरबार पुष्टि गर्ने कुनै आधार प्राप्त नगरेकाले भारतीय पक्षको दाबी झुठो साबित हुनपुगेको छ ।

## सन्दर्भग्रन्थ


अधिकारी, सूर्यमणि (२००४), *खस साम्राज्यको इतिहास,* काठमाडौँ : भुँडीपुराण प्रकाशन, बागबजार ।

*अङ्गुत्तरनिकायो,* ततियो भागो, पठम खन्धो (१९९८), इगतपुरी : विपश्यना विशोधन विन्यास ।

*अङ्गुत्तरनिकायो,* ततियो भागो, दुतियो खन्धो (१९९८), इगतपुरी : विपश्यना विशोधन विन्यास ।

उपाध्याय, भरतसिंह (१९९१), *बुद्धकालीन भारतीय भूगोल, द्वितीय संस्करण,* इलाहबाद : हिन्दी साहित्य सम्मेलन, प्रयाग सम्मेलन मार्ग ।

गुप्ता, परमेश्वरीलाल (२००४), *प्राचीन भारत के प्रमुख अभिलेख,* वाराणसी : विश्वविद्यालय प्रकाशन ।

चंद्रिकेश, जगदीश, अनु. (२००६), *हे चो का यात्रा–वृत्तांत,* नई दिल्ली : नेशनल बुक ट्रस्ट इंडिया ।

चौधरी, सूर्यनारायण, सं. तथा अनु. (२०००), *अश्वघोषकृत बुद्धचरित,* दिल्ली : नरेन्द्रप्रकाश जैन, मोतीलाल बनारसीदास ।

*धम्मपदअट्ठकथा,* (१९९८), इगतपुरी : विपश्यना विशोधन विन्यास ।

प्रधान, भुवनलाल, अनु. (२०००), *बुद्धवंश,* येँः क्वापुखू , ज्ञानज्योति कंसाकार ।

बज्राचार्य, निष्ठानन्द/अनु.तथा. संग्र. (१९७८), *ललितविस्तर कुलशुद्धि परिवत प्रथम संस्करण,* यल : युवक बौद्ध मण्डल ।

बज्राचार्य, गजराज, अनु. (१९८३), *सौन्दरनन्द महाकाव्य,* ललितपुर : सुगत पुस्तक सदन परिवार ।

बज्राचार्य, दुण्डबहादुर, अनु. (२०००), *दीर्घनिकाय,* ललितपुर : वीरपूर्ण पुस्तक सङ्ग्रहालय ।

बाग्ची, एस.सं. (२००३), *महावस्तु अवदानं, प्रथम अध्याय,* दरभंगा : मिथिलाविद्यापीठेन प्रकाशितम् ।

भिक्षु, धर्मरक्षित, सं. तथा. अनु. (१९८३), *सुत्तनिपात,* दिल्ली : मोतीलाल बनारसीदास वंगलो रोड ।

मुखर्जी, राधाकुमुद (२००४), *अशोक,* दिल्ली : मोतीलाल बनारसीदास ।

पाण्डे, गोबिन्द चन्द (२००६), *बौद्ध धर्म के विकाशका इतिहास,* लखनउ : उत्तर प्रदेश हिन्दी संस्थान ।

रिजाल, बाबुकृष्ण (१९७८), *आर्कियोलोजिकल रिमेन्स् अफ् कपिलवस्तु लुम्बिनी देवदह,* काठमाडौँ : एजुकेशनल इन्टरप्राइजेज् प्रा.लि. ।

वर्म्मा, जगन्मोहन, अनु. (१९९६), *चीनी यात्री फाहियानका यात्रा विवरण,* नईदिल्ली : नेशनल बुक ट्रस्ट ।

वाटेस, थामस् (१९६१), *अन यूआनच्वाङ्स ट्राभल्स् इन इण्डीया,* लण्डन : रोयल ऐसोयटिक सोसाईती ।

वेल, समुल (२००३), *ट्राभल्स अफ फाहियान एण्ड सुङ्गऐन,* नई दिल्ली : रूपा.को अन्सारी रोड ।

वैद्य, पी.एल, सं. (१९९९), *दिव्यावदानम् कुणालावदानम्,* दरभंगा : मिथिलाविद्यापीठेन प्रकाशितम् ।

श्वेनत्साङ और प्येन ची (१९९१), *महा थाङ राजवंश काल में पश्चिमकी तीर्थयात्रा का वृत्तांत,* पेइचिङ : विदेशी भाषा प्रकाशन गृह ।

शास्त्री, स्वामी द्वारिकादास, सं. (१९९६), *महावंश,* काशी : बौद्ध आकर ग्रन्थमाला, काशी विद्यापीठ ।

“एकसतं च राजानो अच्चिमस्सासि अत्रजा । महारज्जं अकारेसुं नगरे कपिलव्हये । ॥ १४॥”

सांकृत्यायन, राहुल (१९५५), *बुद्धचर्या,* सारनाथ : महाबोधि सभा ।